मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov.np
manarashiswamun.gov@gmail.com

मिति : २०८३/०१/१६

**आम नागरिकमा सतर्कताका लागि अनुरोध ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले जारी गरेको सुचना वमोजिम जल तथा मौसम विज्ञान विभागका अनुसार आज मिति २०८३/०१/१६ गते बुधवार मधेश प्रदेशका धनुषा र वारा सहित आसपासका जिल्ला लगायतका देशको विभिन्न अन्य जिल्लाहरुमा तीव्र गतिको हावाहुरी चल्ने सम्भावना रहेको छ ।

तसर्थ विभागका अनुसार यी स्थानमा आज १६ गते बुधवार साँझ ५:४५ बजे हवाहुरी सुरु भई भोलि १७ गते विहिवार विहान ७:४५ बजे सम्म रहने अनुमान छ। त्यसैगरी, मेघगर्जन/हावाहुरी/असिना सहित पानी पर्ने सम्भावना रहेकोले हावाहुरीको कारण रुख ढल्ने, कमजोर संरचना ढल्ने, छाना उड्ने, विद्युत तथा संचारको सेवा प्रभावित हुने जस्ता जोखिम रहेका कारण उक्त समय अवधिमा आम जन समुदायलाई सावधानी अपनाउनु हुन अनुरोध गरिन्छ। साथै हावाहुरी चलेको बेला देहायानुसारको सावधानी गर्न ध्यान दिनुहुन सम्पूर्णमा विनम्र अनुरोध छ।

तपसिल

- सकेसम्म घरबाहिर हिंडडुल नगर्ने।
- घरको झ्यालढोका राम्रोसँग बन्द गर्ने।
- जस्तालगायतबाट बनेको छानो कमजोर छ भने बन्धन बलियो बनाउने।
- घरबाहिर आगो नवाल्ने, घरभित्र पनि आगो बाल्दा सावधानी अपनाउने।
- लड्न सक्ने कमजोर संरचना, अग्ला रुख, खम्बा नजिक र बिजुलीको तारमुनि नवस्ने।
- विजुलीको तार लत्रिएको छ भने नछुने।
- उडाएर आएको सामानबाट चोट लाग्ने जोखिम हुने भएकोले चनाखो रहने।

**" सवै जना सर्तक र सुरक्षित रहौं "**

...........................
श्यामदेव महासेठ
प्रशासन शाखा प्रमुख

श्यामदेव महासेठ
प्रशासन शाखा प्रमुख